आज मिति २०८१ भाद्र ५ गते बुधबारका दिन दिउँसो ०१:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाको कार्यालय, झुरझुरे मकवानपुरमा तपसिलका उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

तपसिल

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री सर्केश घलान | |
| २ | उपाध्यक्ष | श्री फणिन्द्र कुमार तिमल्सिना | |
| ३ | सदस्य | श्री हस्त वहादुर थिङ, १ नं. का.वा. वडा अध्यक्ष | |
| ४ | सदस्य | श्री जनक बहादुर पहरी, २ नं. वडा अध्यक्ष | |
| ५ | सदस्य | श्री कमान सिं पाखिन, ३ नं. वडा अध्यक्ष | |
| ६ | सदस्य | श्री दन्त लाल माझी, ४ नं. वडा अध्यक्ष | |
| ७ | सदस्य | श्री विजय कुमार भोलन ५ नं वडा अध्यक्ष | |
| ८ | सदस्य | श्री टेक वहादुर डिम्डुङ, ६ नं. वडा अध्यक्ष | |
| ९ | सदस्य | श्री उत्तर वहादुर भोलन, ७ नं. वडा अध्यक्ष | |
| १० | सदस्य | श्री इन्द्रमाणी तिमल्सिना, ८ नं. वडा अध्यक्ष | |
| ११ | सदस्य | श्री पुनराम घलान, ९ नं. वडा अध्यक्ष | |
| १२ | सदस्य | श्री भिम भुजेल | |
| १३ | सदस्य | श्री डम्वर वहादुर विश्वकर्मा | |
| १४ | सदस्य | श्री अम्विका विश्वकर्मा | अम्बिका |
| १५ | सदस्य | श्री उर्मिला वि.क | उर्मिला |
| १६ | सदस्य | श्री भगवती माया माझी | भगवती |
| १७ | सदस्य | श्री सुनिता नेगी | |
| १८ | सदस्य सचिव | श्री झम्कनारायण घलान | |

आमन्त्रित:

१.

२.

मिति २०८१ भाद्र ०५ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय

प्रस्तावहरु

१. स्थानीय दररेट कायम गर्ने सम्बन्धमा।
२. बार्षिक समिक्षा गोष्ठी सम्बन्धमा।
३. बजेट कार्यान्वयन कार्य योजना सम्बन्धमा।
४. क्रसर सञ्चालनको सम्बन्धमा।
५. बगेरी आधारभुत स्वास्थ्य सेवा केन्द्रको कर्मचारी व्यवस्थापन सम्बन्धमा।
६. खेलकुद विकास समितिको पदाधिकारी सम्बन्धमा।
७. जनप्रतिनिधि सेवा सुविधा सम्बन्धमा।
८. कर्मचारीको कोठा भाडा सम्बन्धमा।
९. अर्को कार्यपालिकाको मिति तोक्ने सम्बन्धमा।
१०. जिल्ला लिग फुटबल प्रतियोगिता सहभागिता सम्बन्धमा।
११. प्रारम्भिक वतावारनीय परिक्षण (IEE) स्वीकृत सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. ०१ माथि छलफल गरी पेश भए अनुसारको आ.व. २०८१/०८२ को लागि स्थानीय दररेट कायम गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. ०२ माथि छलफल गरी मिति २०८१/०५/११ गते बिहान ११:०० बजेबाट आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा गोष्ठी आयोजना गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ०३ माथि छलफल गरी आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि कार्य योजना तयार गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत योजना शाखा प्रमुखलाई निर्देशन दिने निर्णय गरियो।

४. प्रस्ताव नं. ०४ माथि छलफल गरी बागमती गाउँपालिका वडा नं ५, कोइराला दमारमा क्रसर निर्णमाको लागि छुटायईएको ऐलानी ज़.वि. ४-१०-० को जग्गालाई सार्वजनिक जग्गा कायम गरी सो जग्गा लिजमा लिन आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

५. प्रस्ताव नं. ०५ माथि छलफल गरी बगेरी आधारभुत स्वास्थ्य सेवा केन्द्रमा रिक्त रहेको कार्यालय सहयोगी पदको पदपूर्तिको लागि १५ दिने सूचना आव्हान गरी पदपूर्तिको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

६. प्रस्ताव नं. ०६ माथि छलफल गरी बागमती गाउँपालिका खेलकुद विकास समिति सदस्य तपसिल अनुसार कायम गर्ने निर्णय गरियो।

अध्यक्ष - श्री रहर सिं थिङ

CamScanner

उपाध्यक्ष - श्री बिर बहादुर थिङ

कोषाध्यक्ष - श्री डोर बहादुर थापा

सदस्य - श्री चित्र बहादुर पुलामी

सदस्य - श्री भिम भुजेल

सदस्य - श्री शुक्र बहादुर पुलामी

सदस्य - श्री बिशाल लोप्चन

सदस्य - श्री आकाश लोप्चन

सदस्य सचिव - श्री प्रमोद कुमार राई

७. प्रस्ताव नं. ०७ माथि छलफल गरी यस बागमती गाउँपालिकाका जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धी भएका निर्णयहरु रद्द गरी "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" अनुसार कायम गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ०८ माथि छलफल गरी यस बागमती गाउँपालिकाका कर्मचारीहरुलाई कोठा भाडा उपलब्ध गराउने सम्बन्धी गाउँ कार्यपालिकाको निर्णय रद्द गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ०९ माथि छलफल गरी गाउँ कार्यपालिकाको अर्को बैठक मिति २०८१/०५/१६ गते आइतबार विहान ११ बजे बस्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा मिति २०८१ भदौ १४ गते देखि सञ्चालन हुने मकवानपुर जिल्ला लिग फुटवल प्रतियोगितामा यस गाउँपालिकाबाट उक्त प्रतियोगितामा सहभागिता जनाउने बागमती-०४ का "सहिद स्मृति फूटवल क्लब" लाई प्रतियोगितामा सहभागिताका लागि खेल प्रशिक्षण तथा प्रतियोगितामा सहभागिता खर्च बापत रु. ३,००,०००/- (अक्षरुपी तीन लाख रुपैया मात्र) यस गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत बजेट कार्यक्रमको खर्च शीर्षक नं. २२५२२, "खेलकूद प्रशिक्षण तथा विविध कार्यक्रम"वाट उपलब्ध गराउने निर्णय गरियो।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा क्रसर निर्माणको लागि परामर्शदाताबाट तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन आज वसेको गाउँ कार्यपालिकाको बैठकमा पेस हुन आएको हुँदा उक्त प्रतिवेदन उपर व्यापक छलफल गरी सर्वसम्मतिमा स्वीकृत गर्ने निर्णय निर्णय गरियो।

CamScanner